दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकूद शाखा)

फर्पिङ, काठमाण्डौ, बागमती प्रदेश

प.स : २०८०/२०८१

च.नं. शिक्षा - १०१

मिति : २०८०/१०/१५

श्री सामुदायिक विद्यालय सबै,

दक्षिणकाली नगरपालिका, काठमाडौं ।

विषय : प्रस्तावसहित निवेदन पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा विद्यालय क्षेत्र विकास कार्यकम अन्तर्गत (संघीय सरकार) को तपशिल बमोजिमका कार्यकमहरु वितरणका लागि विद्यालय छनौट गर्नुपर्ने भएकोले हाल सम्म यस नगरपालिकाबाट उपलब्ध भएका कार्यकमसँग दोहोरो नपर्ने गरी इच्छुक विद्यालयहरुले देहाय उल्लिखित व्यहोरा र कागजात समेत संलग्न राखी आजका मितिले १५ दिन भित्र शिक्षा, युवा तथा खेलकूद शाखामा प्रस्ताव सहित निवेदन पेश गर्नुहुन अनुरोध छ ।

तपशिल

| सि.न | कार्यकम | निवेदन दिन पाउने विद्यालयहरु | निवेदन साथ संलग्न गर्नुपर्ने कागजात | कैफियत/विशेष टिप्पणी |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन ( फर्निसिङ, किताब खरिद तथा इ-पुस्तकालय समेत) | माध्यमिक विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. पुस्ताकालय स्थापनाका लागि कक्षाकोठाको व्यवस्था गर्ने प्रतिवद्धता सहित वि.व्य.स बाट निर्णय भएको निर्णयको प्रतिलिपि ।<br>३. पुस्तक खरिद र फर्निसिङ व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धता सहित वडा कार्यालयको सिफारिस पत्र ।<br>५. लाइब्रेरी सञ्चालनक लागि एकजना शिक्षक वा कर्मचारीको व्यवस्था गरिने विद्यालयको पत्र । | सशर्त तर्फको संघीय बजेटमा व्यवस्था भएको |
| २ | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | माध्यमिक विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिक पूर्वाधारको अवस्था उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. विज्ञान प्रयोगशाला स्थापना लागि | |

| | | | | |
|---|---|---|---|---|
| | | | कक्षाकोठाको व्यवस्था ।<br>३. विज्ञान विषयको शिक्षक भएको र निजको विज्ञतामा प्रयोगशालामा उपलब्ध सामाग्रीहरु विद्यार्थीलाई प्रयोगात्मक गराउन सक्ने व्यहोरा खुलेको विद्यालयको पत्र ।<br>४. वि.व्य.स बाट विज्ञान प्रयोगशाला सञ्चालनको प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि ।<br>५. विज्ञान प्रयोगशालाका लागि आवश्यक पर्ने ल्याब सामाग्री व्यवस्थापनको कार्ययोजना सहितको प्रस्ताव ।<br>६. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धतासहित वडा कार्यालयको सिफारिस पत्र । | |
| ३ | विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | माध्यमिक विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या भौतिम पूर्वाधारको अवस्था कक्षा ५,८ र एसइइ क्रमश अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धि समेत उल्लेख गरी आवश्यकता खुलेको निवेदन पत्र ।<br>२. तोकिएको सूचकाङ्कसहितको स्व: मूल्याङ्कन फाराम (उक्त सूचकाङ्क सहितको फाराम शिक्षा शाखाबाट उपलब्ध हुने वा मेलमा पठाइने )<br>३. वि.व्य.स बाट विद्यालयको तोकिएको सूचकाङ्क बमोजिम कार्यसम्पादनस्तर बढाउने प्रतिवद्धता गरिएको निर्णयको प्रतिलिपि ।<br>४. नियमित अनुगमन र अन्य सहयोगको प्रतिवद्धता सहित वडा कार्यालयको सिफारिस पत्र । | |
| ४ | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यलयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादन आधारित अनुदान | माध्यमिक तहका विद्यालयहरु | १. विद्यालयको विद्यार्थी संख्या, भौतिक पूर्वाधारको अवस्था, कक्षा ८, एसइइ र कक्षा १२ को क्रमश : अघिल्लो ३ वर्षको शैक्षिक उपलब्धि/परीक्षा नतिजा खुलेको निवेदन पत्र ।<br>२. तोकिएको सूचकाङ्क सहितको स्व: मूल्याङ्कन फाराम(उक्त सूचकाङ्क सहितका फाराम शिक्षा शाखाबाट उपलब्ध हुने वा प्र.अ/विद्यालयको मेलमा पठाइने) | |

१०७५

जनार्दन रिजाल
शिक्षा निर्देशक